*"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"*

# आर्थिक वर्ष २०८१/०८२

# को

# बजेट वक्तव्य

बुढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हात्तीगौंडा, काठमाडौ

बागमती प्रदेश, नेपाल

२०८१

**गरिमामय नगर सभाको १४ औं अधिवेशनका अध्यक्षज्यू,**

**विशिष्ट अतिथिज्यूहरु,**

**नगर सभाका सदस्यज्यूहरु,**

**नगर सभाका सचिवज्यू तथा आमन्त्रित सम्पूर्ण अतिथि महानुभावहरू एवम् कर्मचारी मित्रहरु**

**हार्दिक अभिवादन !**

१. यस गरिमामय नगरसभाको १४ औं अधिवेशनको चौथो वैठकमा बुढानीलकण्ठ नगरपालिकाको नगर उपप्रमुख तथा सभाको उपाध्यक्ष एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस गरिममाय सभामा २०४६ सालको संयुक्त जनआन्दोलन, २०६२/०६३ को संयुक्त जनक्रान्ति तथा निरंकुश राणा शासनको अन्त्य लगायत गणतन्त्र स्थापनार्थ भएका विभिन्न आन्दोलनहरुमा बलिदानी हुनुभएका सम्पूर्ण ज्ञात अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । लोकतन्त्र, सङ्घीय गणतन्त्र स्थापना तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान दिनुभएका सबै नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. आज हामी स्थानीय सरकार सञ्चालनमा नेपालको संविधान अनुसार दोस्रो कार्यकालमा छौं । करिब २० वर्षको लामो समयपछि भएको स्थानीय तहको निर्वाचनसँगै नागरिकको भावना अनुसारको संघीय गणतन्त्रात्मक शासन प्रणालीलाई मजबुतताका साथ नागरिकले महसुश गर्ने गरि व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी स्थानीय सरकारको हो । सुशासनको प्रत्याभूति सहित आन्तरिक आय र उपलब्धी हासिलको चुनौती तथा नागरिकको महत्वकांक्षी आशा एवम् कार्यान्वयनको विविध जटीलताहरुका बिचमा रहेर कार्य गर्नुपर्दा आर्थिक स्रोतको व्यवस्थापनले मात्रै पनि सफल स्थान बनाउन नसक्ने हुनेरहेछ । वस्तुनिष्ठ सर्वेक्षण, तथ्यांक, अध्ययन, ज्ञान तथा स्रोतहरुको पहिचान, संकलन र व्यवस्थापन सहितको सशक्त योजना निर्माण गर्दै

नागरिकलाई विकाससँग, बजेटलाई कार्यान्वयनसँग लक्षित गर्दै लैजान सक्नुपर्दछ । त्यसैले बजेट तर्जुमाको चरणदेखि कार्यान्वयनको पक्षसम्म सुदृढताका साथ लाग्न सक्यौं भने समग्र विकासको लक्ष्य हासिल गर्न समय लाग्ने छैन भन्नेमा विश्वस्त छु ।

४. नगरको आन्तरिक आयको बढोत्तरीमा देखिएको दवाव र चुनौतीलाई सम्बोधन गर्दै जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक, कानूनी लगायत जनजिवीकाका सवालहरुलाई संरक्षण, प्रर्वद्धन र रुपान्तरण गर्नेतर्फ आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छु । आमनगरवासीको विकास र सम्बृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा आर्थिक, सामाजिक विकासमा पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई लाभको पहुँचमा पुराउनेतर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

५. आगामी बजेट गुणस्तरीय स्वास्थ्य र शिक्षा, उद्यमशीलता, पर्यटनको प्रर्वद्धन लगायत सामाजिक, आर्थिक विकासतर्फ लक्षित हुनेछ । साथै, नागरिकका माग र आवश्यकता अनुरुप गुणस्तरीय पूर्वाधारहरुको विकास र सम्भार गर्ने, खानेपानी, सुरक्षित सडक, स्वच्छ वातावरण, कृषि तथा पशु उत्पादन, त्यसको भण्डारण तथा समुचित बजारको व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सार्वजनिक सम्पत्तिको जर्गेना, स्थानीय श्रोत साधनको प्रभावकारी एवम् परिणाममुखी परिचालन, विभेद तथा हिंसामुक्त समाज, सेवा प्रवाहमा सुशासनको सुनिश्चितता गर्दै सुशासनको प्रत्याभूति  कायम गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

६. आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानून, नगर सभाबाट २०८१ आषाढ ३ गते  पारित आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति, कार्यक्रम तथा बजेट, नगरपालिकाको दीर्घकालिन सोच एवम् आवधिक योजना, मध्यकालिन खर्च संरचना (MTEF) र राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन समेतलाई आधार मानी तयार गरिएको छ । बजेट तर्जुमाका सिलसिलामा राजस्व परामर्श समिति, अन्य विषयगत समितिहरु, विभिन्न संघसंस्था, विद्धतवर्ग, नागरिक समुदाय लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छु ।

७. मैले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नगरवासीको अपेक्षालाई सम्बोधन गर्ने र सेवा प्रवाहमा देखिएका कठिनाई हटाई नागरिकमा आशा र भरोसाको संचार गर्ने जिम्मेवारी वोध गरेको छु । संघ तथा प्रदेश सरकार, जनप्रतिनिधि, राजनितीक दल, निजी क्षेत्र, संघ संस्था, नागरिक समाज, विकास साझेदार, संञ्चार जगत र आम नगरवासीको सहयोग, समन्वय, सहकार्य र एक्यवद्धताबाट नगरमा देखिएका विद्यमान चुनौतीको सामना गर्दै बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

## आदरणीय नगरसभा अध्यक्षज्यू एवम्सदस्यज्यूहरू

अब म यस गरीमामय सभा समक्ष चालु आर्थिक वर्ष २०८०/०८१ को आम्दानी तथा खर्चको समग्र अवस्था सम्बन्धमा संक्षेपमा समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु:

**८.** आर्थिक वर्ष २०८०/०८१ मा आन्तरिक श्रोतबाट रु. ३९ करोड ६० लाख, बाह्य श्रोतबाट रु. १ अर्ब ४५ करोड ९० लाख र बैङ्क अल्या रु. १ अर्व ५८ करोड ४९ लाख ६९ हजार ९ सय १७ रुपैयाँ गरी कूल आम्दानी रु. ३ अर्ब ४४ करोड हुने अनुमान गरिएकोमा सम्वत् २०८० जेठ मसान्तसम्ममा आन्तरिक श्रोतबाट रु. ३३ करोड ८० लाख ३० हजार २ ७८ रुपैया ६३ पैसा अर्थात ८५.३६ प्रतिशत आम्दानी भएको छ। बाह्य आम्दानीतर्फ रु. १ अर्व ७ करोड ५२ लाख ८५ हजार १ सय २३ रुपैया अर्थात ७३.७० प्रतिशत आम्दानी भएको छ। सम्वत् २०८० जेठ मसान्तसम्म आन्तरिक र बाह्य गरी कूल १ अर्व ४१ करोड ३३ लाख १५ हजार ४ सय २ रुपैया अर्थात ४१.०८ प्रतिशत आम्दानी भएको छ।

९. चालु आर्थिक वर्षको लागि बुढानीलकण्ठ नगरपालिकाबाट कूल रु. ३ अर्ब ४४ करोड बजेट विनियोजन गरिएको थियो । विनियोजित बजेटमध्ये सम्वत् २०८१ जेठ मसान्तसम्ममा चालुतर्फ (संघ र प्रदेश सरकारको सर्शत चालु समेत) रु. १ अर्व २९ करोड ४९ लाख ७६ हजार रुपैया विनियोजन गरिएकोमा ४८.२९ प्रतिशत अर्थात रु ६२ करोड ५३ लाख १५ हजार ५ सय १० रुपैया खर्च भएको छ। पूँजीगततर्फ रु. २ अर्व १४ करोड ८१ लाख ४ हजार रुपैया विनियोजन गरिएको ३७.८४ प्रतिशत अर्थात रु. ८१ करोड २८ लाख ७३ हजार २८९ रुपैया ४२ पैसा खर्च भएको व्यहोरा यस सम्मानित सभाको अधिवेशनलाई जानकारी गराउन

चाहन्छु । नगरपालिकाको कुल खर्च असार मसान्तसम्म ५० प्रतिशत हुने संशोधित अनुमान पेश गरेको छु ।

**आदरणीय नगरसभा अध्यक्षज्यू एवम्सदस्यज्यूहरू**

अब म नगरको आन्तरिक आय र बजेट प्रणालीमा देखिएका मुख्य चुनौती तथा अवसर सङ्क्षेपमा प्रस्तुत गर्न चाहान्छु:

१०. **साधारण खर्च वृद्धि हुँदै गएको छ** । जन प्रतिनिधि, नगरको मुख्य प्रशासनिक कार्यालय, वडा कार्यालयहरु, नगर अस्पताल, क्षेत्र विकास समिति, सार्वजनिक जग्गा संरक्षण समिति, बुढानीलकण्ठ पर्यटन बोर्ड, बुढानीलकण्ठ खेलकुद बोर्ड, कपन बहुमुखी क्याम्पस लगायतका संस्थागत संरचनामा कार्यरत कर्मचारी र पदाधिकारीहरुको तलव भत्ता लगायतको सेवा सुविधा र प्रशासनिक खर्च एवम् जनताका माग र समस्याको सम्बोधन लगायतको कारण साधारण खर्च बढ्दो अवस्था रहेको कारणले कुल बजेटको १५.६९ प्रतिशत अर्थात रु. ५१ करोड रकम विनियोजन गर्नु परेको छ । कुल बजेटको ठूलो हिस्सा चालु खर्चमा छुट्याउन पर्दा विकास कार्यको लागि श्रोत व्यवस्थापनमा चाप परेको छ ।

११. **पूँजिगत खर्चको प्रभावकारीता बढ्न सकेको छैन** । आयोजनाको पूर्व तयारी र प्राथमिकीकरण नगरी बजेट विनियोजन गर्ने, उपभोक्ता समितिबाट संचालन हुने आयोजना आर्थिक वर्षको अन्त्यतिर मात्र सम्झौता गर्ने, **Site Clearance** नभई ठेक्का प्रक्रिया अगाडी बढाउने, वडास्तरिय आयोजना छनोट गर्दा स-साना टुक्रे आयोजना छनोट गर्ने र अधिकांश आयोजना समयमै सम्पन्न नगरी म्याद थप गरी अर्को वर्षको लागि जिम्मेवारी सार्ने कामले निरन्तरता पाउदै आएको छ । आयोजना कार्यान्वयन पक्षलाई प्रभावकारी वनाउदै आन्तरिक आयको दिगो श्रोतको पहिचान एवम् बढोत्तरी गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक बनाउने चुनौती हाम्रो साम् रहेको छ ।

१२. **चालु आर्थिक वर्षमा राजस्व संकलन लक्ष्य भन्दा कम संकलन भएको हुनाले** राजस्व प्रणालीमा सुधार, कर चुहावट नियन्त्रण, करको दायरा विस्तार गरी राजस्व परिचालन वृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरेको छु ।

१३. नगरपालिकाको आन्तरिक राजस्व प्रणालीमा सबै क्षेत्रलाई करको दायरामा ल्याउन नसक्दा आर्थिक आत्मनिर्भरताको लक्ष्य भेट्टाउन कठिन परिरहेको छ । संघ तथा प्रदेश सरकारको अनुदानमा आयोजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरिरहेको सन्दर्भमा समय समयमा अनुदान रकम कटौती गर्ने गर्दा नगरपालिकालाई आर्थिक दायित्व बढ्दै जानाले आर्थिक श्रोतको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ ।

१४. पर्यटकीय दृष्टिकोणमा नगरपालिका आर्कषणीय गन्तव्य हुँदाहुदै पनि सीमित स्रोतसाधनका कारण आवश्यक पर्यटकीय पूर्वाधारको निर्माण, पर्यटकीय गन्तव्यहरुको पर्याप्त प्रचारप्रसार र पर्यटन व्यवसायीवीचको सहकार्यतामूलक वातावरणको कमी लगायतका कारण अपेक्षित रुपमा आन्तरिक र बाह्य पयर्टक भित्राउन सकिएको छैन । पर्यटन क्षेत्रलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक बनाउने चुनौती हाम्रो सामु रहेको छ ।

१५. नगरको साधारण खर्चलाई वाञ्चित सीमा भित्र राख्ने र विनियोजन दक्षता तथा कार्यान्वयन कुशलता सहित संयन्त्रको क्षमता अभिबृद्धि गर्ने उद्देश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु । यसबाट नगरको प्रशासनिक खर्चलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सघाउ पुग्ने विश्वास लिएको छु ।

१६. माथि उल्लेखित चुनौती एवम् मुलुकको समग्र अर्थतन्त्रमा देखिएका समस्याका बाबजुद पनि नगरपालिकाले लिएको पहलकदमीले नगरपालिकाको अर्थतन्त्र सही दिशामा रहेको जानकारी यस गरिमामय सभालाई गराउन चाहन्छु । नगरपालिकाले संचालन गरेका धेरै आयोजनाहरु निर्माण सम्पन्न भई भौतिक पूर्वाधारको विकासमा नगरपालिकाको परिणाम देखिन थालेको छ । साथै, शिक्षा तथा स्वास्थ्यलाई विगतका वर्षमा नगरपालिकाले प्राथमिकता दिई लगानी गरेकोले त्यस क्षेत्रको सुधारमा सकारात्मक संकेतहरु देखिन थालेका छन् । नगरपालिकाबाट लक्षित वर्ग, विभिन्न पेशा व्यवसायमा संलग्न भएका तथा नयाँ उद्यमशिलताका क्षेत्रमा कार्य गर्न चाहने इच्छुक नगरवासीहरुलाई सीप विकासको तालिम र आवश्यक प्रविधि लगायत वस्तुको अनुदान दिई उनीहरुको क्षमता विकास मार्फत स्वरोजगारी र रोजगारीका अवसर विकास गरिएको छ जसबाट आर्थिक क्रियाकलापमा बढोत्तरी गरिदै आएको छ ।

आगामी दिनमा नीतिगत, प्रणालीगत तथा प्रक्रियागत सुधार गरी नगरको अर्थतन्त्रलाई सही मार्गमा अगाडी बढाउन बुढानीलकण्ठ नगरपालिका दृढ संकल्पित रहेको विश्वास दिलाउन चाहन्छु । साथै यिनै मुख्य चुनौती र अवसरहरुलाई मनन एवम् नगरवासीको आवश्यकतालाई मध्य नजर गर्दै बजेटका उद्देश्य र प्राथमिकता तय गरेको छु ।

**आदरणीय नगरसभा अध्यक्षज्यू एवम् सदस्यज्यूहरू**

१७. **"विद्युतीय शासनः छिटो छरितो र नतिजामुखी बुढानीलकण्ठ प्रशासन" भन्ने** ध्येयका साथ बजेटको उद्देश्य देहाय अनुसार उल्लेख गरेको छुः

**क.** गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको प्रत्याभूत गर्ने,

ख. सूचना प्रविधिको उच्चतम उपयोग र संस्थागत सुशासन कायम गर्ने,

ग. दिगो पूर्वाधार निर्माण, सन्तुलित विकास एवम् संरक्षण र सम्वर्द्धन गर्ने,

घ. भाषा, संस्कृति, कला, साहित्यको संरक्षण, प्रर्वद्धन र विकास गर्ने,

ङ. कृषि तथा पशुपंक्षी क्षेत्रको व्यावसायिक विकास एवम् वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्नें,

च. उद्यमशीलता तथा स्वरोजगारी सिर्जना र युवा तथा खेलकुदको प्रर्वद्धन गर्ने,

छ. बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिवृद्धि गर्ने ।

**१८.. बजेटका प्राथमिकताहरु निम्नअनुसार निर्धारण गरेको छु :**

क. गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षा

ख. दिगो पूर्वाधार निर्माण तथा सन्तुलित विकास

ग. सूचना प्रविधि र तिनको अधिकतम उपयोग

घ. आर्थिक विकास र राजस्व परिचालन

ङ. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन

च. खानेपानी श्रोतको संरक्षण तथा व्यवस्थापन

छ. सार्वजनिक जग्गाको संरक्षण

ज. प्रशासनिक पुनर्संरचना तथा संस्थागत सुशासन

झ. भाषा, संस्कृति, कला, साहित्यको संरक्षण, प्रवर्द्धन र विकास

ञ. उद्यम, स्वरोजगारी र सहकारीताको विकास

ट. युवा शक्ति तथा खेलकुदको प्रवर्द्धन

ठ. कृषि तथा पशुपंक्षी क्षेत्रको व्यावसायिक विकास, उत्पादकत्वमा अभिवृद्धि, बजारीकरण तथा व्यवसायिकीकरण

## आदरणीय नगरसभा अध्यक्षज्यू एवम् सदस्यज्यूहरू

**बजेटले लिएका उद्देश्य हासिल गर्न देहाय बमोजिमका सुधार प्रस्ताव गरेको छु:**

१९. नगरको बहुवर्षिय र क्रमागत आयोजनालाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२०. आयोजना तथा कार्यक्रम समावेश गरी श्रोत छर्ने प्रवृत्तिमा सुधार गर्न क्षेत्रगत प्राथमिकता भित्र ठूला तथा छिटो प्रतिफल दिने, बहुसंख्यक नगरवासीले लाभ प्राप्त गर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।

२१. आगामी आर्थिक वर्षको **बजेट कार्यान्वयन कार्ययोजना** साउनको पहिलो हप्तामानै तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ । नगर कार्यपालिका बैठकबाट कार्ययोजना अनुमोदन गरी नगर प्रमुखको नेतृत्वमा कार्यान्वयनको अवस्था बारे नियमित अनुगमन गरिनेछ ।

२२. ठूला आयोजना कार्यान्वयनका लागि कात्तिक महिनाभित्रै ठेक्का व्यवस्थापन गर्ने प्रक्रिया मिलाइनेछ । आयोजना तथा कार्यक्रम कार्यान्वयनमा ढिलाई गरी आर्थिक वर्षको अन्तिममा कार्यान्वयन गर्ने प्रवृत्तिलाई कडाईका साथ निरुत्साहित गरिनेछ ।

२३. आयोजना कार्यान्वयनमा निर्माण व्यवसायीलाई जिम्मेवार बनाइ ठेक्का सम्झौताको विवरण र कार्य प्रगतिको नियमित अनुगमन गरिनेछ । अनुगमनबाट गम्भीर प्रकृतिको लापरवाही देखिएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यवस्था गरिनेछ ।

२४. उपभोक्ता समितिका पदाधिकारीको क्षमता अभिबृद्धि गरी योजना कार्यान्वयनमा पूर्ण जिम्मेवार बनाईनेछ । उपभोक्ता समितिबाट संचालित योजनाको सम्झौता आर्थिक वर्षको अन्तिममा गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी ***चैत्र मसान्त भित्र सम्झौता: जेठ मसान्त भित्र***

***भुक्तानी**को* नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ। तोकिएको समय भित्र फरफारक गर्न सम्भव नभएका आयोजना मात्र आवश्यकता र औचित्यतताका आधारमा मात्र नगर प्रमुखबाट म्याद थप गरि आयोजनालाई निरन्तरता दिइनेछ। साथै, स-साना आयोजनालाई अर्को वर्ष जिम्मेवारी सार्ने प्रवृत्तिलाई क्रमशः रोक लगाउदै लगिनेछ।

२५. आयोजना कार्यान्वयनको लागि पूर्वाधार विकास समितिलाई सक्रिय र जिम्मेवार बनाई स्थलगत निरक्षण गरि **Site Clearance** भएको प्रतिवेदन प्राप्त भएपछि मात्र सम्झौता गर्ने व्यवस्था मिलाइनेछ।

२६. खर्च गर्ने क्षमता बृद्धि गदै आयोजना तथा कार्यक्रमका निर्धारित लक्ष्य हासिल गर्न सम्बन्धित महाशाखा तथा शााखा प्रमुख र वडा कार्यालयलाई जिम्मेवार बनाइनेछ। आयोजना अनुगमन प्रणालीको सुधार गरी नतिजामा आधारित बनाइ अनुगमन समितिले दिएको सुझाव तथा मार्गदर्शनलाई कार्यान्वयन गरिनेछ।

२७ परियोजना बैकलाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनेछ। साथै, विकास निर्माणका आयोजनाहरूको गुणस्तरमापन तथा चेकजाँच गर्न प्रविधियुक्त प्रयोगशाला कार्यान्वयनमा ल्याइनेछ।

२८. सडक, ढल, खानेपानी, विद्यालय, स्वास्थ्य संस्था लगायत आवश्यक विकास पूर्वाधारको नक्साङ्कन गरी सोको आधारमा बहुसंख्यक नगरवासी लाभान्वित हुने गरी आयोजनाको छनोट एवम् कार्यान्वयन गरिनेछ।

२९. नगर तथा वडा कार्यालयबाट हुने प्रशासनिक खर्च न्यूनीकरण गरी चालु खर्चमा मितव्यीयता कायम गर्ने नीति अवलम्वन गरिनेछ।

३०. नगरपालिकाबाट अनिवार्य रुपमा प्रतिनिधित्व गर्नुपर्ने बाहेक अन्य आन्तरिक र बाह्य भम्रण कार्यक्रमलाई निरुत्साहित गरेको छु।

३१. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी सोही अनुसार विद्यमान संरचना र जनशक्ति व्यवस्थापनलाई छरितो बनाइनेछ। स्वीकृत दरबन्दी भन्दा बढी सेवा करार लिन नपाइने व्यवस्था मिलाएको छु।

३२. प्राथमिकीकरण नगरी साना आयोजना तथा कार्यक्रमहरुमा स्रोत छर्ने प्रवृत्ति न्यूनीकरण गर्न आगामी आर्थिक वर्षमा आयोजना तथा कार्यक्रमको औचित्य र आवश्यकताको सघन समीक्षा गरी बजेट प्रणालीमा थप सुधार र पुर्नसंरचना गरिनेछ ।

३३. माथि उल्लेखित नीतिगत र संरचनागत सुधारले बजेट विनियोजनको प्रभावकारीता बढ्ने र नगरपालिकाको विकास गतिशिल हुने विश्वास लिएको छु ।

## आदरणीय नगरसभा अध्यक्षज्यू एवम् सदस्यज्यूहरू

नगरसभाको गरिमामय १४ औं अधिवेशनको चौथो वैठक समक्ष नेपालको संविधान, २०७२ को धारा २२९ बमोजिम व्यवस्थापन हुने स्थानीय सञ्चित कोषको स्रोत अनुसार आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय रु. ३ अर्व २५ करोड र सोही बमोजिमको अनुमानित व्ययको विवरण सहित यो सम्मानित नगरसभा समक्ष बजेट पेश गर्न चाहन्छु ।

अब म, आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

### ३४. आर्थिक विकास तर्फ

#### क. कृषि

व्यावसायिक तरकारी खेती गर्ने कृषकलाइ सिल्पोलिन प्लाष्टिक वितरणमा ५० प्रतिशत अनुदान, व्यावसायिक तरकारी खेती गर्ने कृषकलाई यू.भि.प्लाष्टिक वितरण ५० प्रतिशत अनुदान, माटोको नमूना परिक्षण गरी निःशुल्क कृषि चुन वितरण कार्यक्रम, कृषि बिमा कार्यक्रम, फूल खेती व्यवसाय सञ्चालनमा (ग्रिन हाउस निमार्ण) सहयोग ५० प्रतिशत अनुदान, नगर स्तरीय व्यावसायिक तरकारी खेती तालिम, कौसी/करेशा खेती गर्ने कृषकलाई भर्मि कम्पोष्ट मल ५० प्रतिशत अनुदान, कौसी खेती गर्ने कृषकलाई ग्रो व्याग, गमला वितरण ५० प्रतिशत अनुदान, कृषि विकास शाखामा दर्ता भएका कौसी/करेशा बारीमा तरकारी खेती गर्ने समूहलाई हिउदे र वर्षे उन्नत तरकारीको बीउ (कम्पोजिट प्याकेट) निःशुल्क वितरण लगायतका कार्यक्रम संचालन गर्न व्यावसायिक खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत रु. ७० लाख र कौसी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत रु. ५० लाख गरी समग्र कृषि क्षेत्रमा १ करोड २० लाख विनियोजन गरेको छु ।

**ख पशुपंक्षी**

पशु स्वास्थ्य तथा आहार व्यवस्थापन, भ्याक्सीनेशन तथा खोप सेवा कार्यक्रम, ५० प्रतिशत लागत साझेदारीमा कृषि तथा पशु यान्त्रिकरण कार्यक्रम, ५० प्रतिशत लागत साझेदारीमा घरमा पालिएका बहर व्यवस्थापन, मृत पशु व्यवस्थापन, सामुदायिक कुकुर, बन्ध्याकरण खोप तथा व्यवस्थापन, घर पालुवा कुकुर बिरालो रजिष्ट्रेसन तथा ५० प्रतिशत लागत साझेदारीमा बन्ध्याकरण, दुध प्याकेजिङ सहितको दुग्ध संकलन केन्द्र, व्यावसायिक पशु पालन कृषकहरुको ५० प्रतिशत लागत साझेदारीमा गोवर मल व्यावस्थापन कम्पोष्ट मल प्याकेजिङ्ग, अपांङ्ग असहाय तथा बिपन्न बर्गका लागी कुखुरा विकास कार्यक्रम लगायतका कार्यक्रममार्फत पशुपंक्षी क्षेत्रमा रु. १ करोड विनियोजन गरेको छ ।

**ग. सहकारी**

सहकारी क्षेत्रलाइ आमनगरबासीहरुको जीवनसँग आवद्ध गराइ उद्यमशीलता प्रवर्द्धन गर्न सहकारीको व्यवस्थापनको लागि अध्ययन अनुसन्धान र पुरस्कार, सहकारीका सबै पदाधिकारीहरुलाइ अभिमुखीकरण, सहकारी अनुगमन निरीक्षण एवं शाखा व्यवस्थापन, सहकारी सम्बन्धी असल अभ्यासको अनुसरण लगायतको कार्यक्रम संचालन गर्न रु. ६० लाख विनियोजन गरेको छ ।

**घ. उद्योग, व्यवसाय**

**उद्यमी बनौं, रोजगार सृजना गरौं** भन्ने नारा सहित सञ्चालित नगर उद्यमशीलता विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउन उद्यमशिलता विकास कार्यक्रम, **उपयुक्त प्रविधि हस्तान्तरण**, बीउँपूजी, स्थानीय बजार प्रवर्द्धन कार्यक्रम, उद्योग व्यवासायीलाई बजारीकरण सम्बन्धी तालिम, क्रेता बिक्रेता अन्तरक्रिया र परामर्श सेवा, औद्योगिक, व्यापारिक तथ्याङ्क, व्यवस्थापन तथा अभिलेखीकरण/सफ्टवेयर निर्माण, औद्योगिक, व्यापारिक तथ्याङ्क, व्यवस्थापन प्रणाली व्यवस्थापन प्रणाली सम्बन्धी वडास्तरका कर्मचारीलाई प्रशिक्षण लगायतका कार्यक्रम संचालन गर्न उद्योग व्यवसाय क्षेत्रमा रु. ४० लाख विनियोजन गरेको छ ।

**ङ. पर्यटन**

यस नगरपालिकाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम मार्फत नगरको पर्यटन प्रवर्द्धन तथा विकासको लागि ईको टुरिजम, साहसिक पर्यटन होमस्टे सम्बन्धी कार्यहरुको व्यवस्थापन, पर्यटन आधार वर्ष सञ्चालन, होमस्टे सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम, पर्यटन प्रवर्द्धन सम्बन्धी सूचनामुलक सामग्रीहरुको प्रकाशन एवंम् प्रचारप्रसार, शिवपुरी चरा तथा पुतली सम्बन्धी अध्ययन, नगरपालिकाभित्रका पर्यटकिय सम्भाव्यताका विषयमा खुल्ला आह्वान सहित भिडियो च्यालेन्ज प्रतियोगिता, **Tourism Location Map, Direction Board**, डिजिटल बोर्ड व्यवस्थापन, बुढानीलकण्ठ मन्दिर परिसरमा, पर्यटन सूचना केन्दको स्थापना, **Housekeeping/Cleaner/Caregiver** तालिम, प्राकृतिक, पौराणिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक तथा विविध पहिचान भएका क्षेत्रलाई पर्यटन गन्तव्यको अध्ययन, विकास, अनुगमन मूल्यांकन सम्बन्धी विविध कार्यक्रम संचालन गरी ***"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ" को*** मूल अभिष्ट पुरा गर्न समग्र पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि ८० लाख विनियोजन गरेको छु । साथै, आर्थिक वर्ष २०८१/०८२ लाई पर्यटन वर्षका रुपमा मनाउने घोषणा भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

***समग्रमा आर्थिक विकास क्षेत्रमा रु. ४ करोड ४० लाख विनियोजन गरेको छु ।***

## ३५. सामाजिक विकास तर्फ

**क. शिक्षा, युवा तथा खेलकुद**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिलाई केन्द्रमा राखी शैक्षिक उन्नयन वर्षका कार्यक्रमलाई निरन्तरता दिदै पुस्तकालय तथा बुक कर्नर, विद्यार्थी वृत्ति परामर्श, विद्यालय सौन्दर्यीकरण, प्रारम्भिक बालबिकास शिक्षा कक्षामा थप शिक्षक र आयाको व्यवस्था, अन्तरपालिका शैक्षिक साझेदारी कार्यक्रम, शिक्षा र सीप दिन कार्यक्रम, विद्यालय ब्राण्डिङ, विद्यालयमा दिवा खाजा लगायतका कार्यक्रम संचालन गर्ने लगायत नगरको शिक्षा क्षेत्रमा रु. ८ करोड विनियोजन गरेको छु ।

**ख. जनस्वास्थ्य**

नगर अस्पताल लगायत स्वास्थ्य चौकीहरुको पूर्वाधार, औषधी तथा उपकरणको व्यवस्था र संस्थागत सुधार गरी आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुँच हुनेगरी प्रभावकारी सेवा उपलव्ध गराउन प्रसुती पोषण भत्ता, स्वास्थ्य सम्बन्धी विभिन्न तालिम, अध्ययन, अनुसन्धान तथा जन-चेतना कार्यक्रम, जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन तथा पोषण बिशेष कार्यक्रम, जलन भएका बिरामीहरुको उपचार तथा ब्यवस्थापन, स्वास्थ्य सम्बन्धी सूचना निर्माण, प्रकाशन र प्रसारण, खोप तथा स्वास्थ्य सामग्री ढुवानी तथा खोप कार्यकर्तालाई उत्प्रेरणा, नागरिक आरोग्य केन्द्र संचालन तथा आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्बन्धी जनचेतनामूलक कार्यक्रम, बालबालिकाको स्वास्थ्य प्रवर्द्धन, रोग निदान तथा नसर्ने रोगको रोकथाम तथा अनुसन्धानात्मक कार्य, नव-विवाहित तथा दम्पतिहरुलाई प्रजनन स्वास्थ्य तथा स्वास्थ्य सेवा प्रबाह सम्बन्धी जन चेतना अभिबृद्धि कार्यक्रम, समुदायिक विधालय अन्तर्गतका अभिभावक तथा बाल-बालिकाहरुको स्वास्थ्य परिक्षण कार्यक्रम, लागु औषध रोकथाम, नियन्त्रण तथा सचेतना कार्यक्रम, क्षयरोग मुक्त नेपाल अभियान तथा कुष्ठरोग प्रभावितका लागि स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, संबेदनशील मुटु स्वास्थ्य सुरक्षा प्रबर्धन कार्यक्रम, स्वस्थ्यकर खाद्य पदार्थ खरीद तथा बिक्री वितरण नीतिको कार्यान्वयन प्रक्रियाको सुपरिबेक्षण तथा अनुगमन, नि:शुल्क रक्त सेवा सञ्चालन तथा व्यवस्थापन, लक्षित बर्गको नि:शुल्क स्वास्थ्य बीमा सञ्चालन लगायतका कार्यक्रम संचालन गर्न रु. ३ करोड ३० लाख विनियोजन गरेको छु ।

साथै, वालुवाखानी स्थित **नगर अस्पताललाई नागरिक अस्पतालको** रुपमा विकास गरी सहज, सरल, प्रविधिमैत्री एवंम् सर्वसुलभ रुपमा आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी सेवाको उत्कृष्टता (**Service Excellence**) को लागि संस्थागत विकास गर्न रु. ९ करोड करोड विनियोजन गरेको छु । समग्रमा नगर स्वास्थ्य क्षेत्रमा रु. ११ करोड ३० लाख विनियोजन गरेको छु

**ग.जनसंख्या तथा सामाजिक समावेशीकरण/संघ संस्था समन्वय/पञ्जिकरण**

महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यकको हक अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि नीति निर्माण, प्रणाली स्थापना तथा सबलीकरण (महिला, बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गगता), निश्चित प्रयोजनका कोषहरुको स्थापना, थप, तथा परिचालन (बीउ पुँजीसमेत), महिलाहरुको क्षमता अभिवृद्धि, संस्थागत तथा उद्यमशीलता विकास (विपन्न, एकल, अपाङ्गता भएका महिलाको जीविकोपार्जन सुधारका लागि वस्तुगत सहयोग समेत), सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार प्रवर्द्धन, कानुनी साक्षरता कार्यक्रम, घरेलु हिंसा, लैंङ्गिक हिंसा अन्त्यका लागि बहस पैरवी तथा सचेतना अभियान (महिला संस्था, टोल विकास संस्था), सामाजिक सचेतना अभियान (महिला, बालिका, किशोरी, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक माथि हुने सबै किसिमका हिंसा, शोषण, विभेद लगायत लागु पदार्थ, साइबर सुरक्षा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ( संस्थाहरुसँगको समन्वय, मनोविमर्श सेवा प्रवाह, अध्ययन, अनुगमन, मुल्यांकन, लैगिक उत्तरदायि बजेट परीक्षण, लगायतका महिला विकास कार्यक्रम संचालन गर्न रु. ७२ लाख विनियोजन गरेको छु ।

**बाल अधिकारको** संरक्षण तथा प्रवर्द्धन एवम् बाल सहभागिता प्रवर्द्धनको लागि बालमैत्री नगरपालिकाका लागि पूर्व तयारी, बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम, बाल अधिकारको संरक्षण तथा प्रवर्द्धन र बाल सहभागिता प्रवर्द्धनको लागि बाल अधिकार समिति, बालक्लब/बाल संस्था, बाल सञ्जाल गठन, पुर्नगठन दर्ता परिचालन, बालक्लब/संजाल सदस्यहरुको क्षमता अभिवृद्धि, बालक्लब/संजाल सुदृढिकरण सहयोग, बालबालिकाहरुलाई लागु पदार्थ दुर्व्यसन, साइबर सुरक्षा, यौनजन्य दुर्व्यहार, लैंङ्गिक हिंसा, बाल विवाह, बालश्रमबारे अभिमुखीकरण, बाल अधिकार, प्रजनन अधिकार अभिमुखीकरण, बालबालिकाको स्थिति प्रतिवेदन, किशोरकिशोरी नेतृत्व तथा क्षमता विकास लगायतका कार्यक्रम संचालन गर्न रु. ४० लाख विनियोजन गरेको छु ।

**अपाङ्गता भएका व्यक्तिहरुको** हक अधिकारको संरक्षण, संवर्द्धन र मर्यादित जीवनको प्रत्याभुतिको लागि अपाङ्गता भएका व्यक्तिहरुको अधिकार तथा हेरचाह बारे अपाङ्गता भएका व्यक्ति, अभिभावकहरुको

क्षमता अभिवृद्धि, अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक, दिवा सेवा सहयोग, सहायक सामाग्री तथा अन्य सहयोग एंव आर्थिक सशक्तिकरण कार्यक्रम संचालनको लागी रु.१५ लाख विनियोजन गरेको छु ।

**जेष्ठ नागरिकको** हक अधिकारको संरक्षण प्रवर्द्धन तथा निजहरुप्रति श्रद्धा, उच्च आदर तथा सद्भाव अभिवृद्धिका लागी ज्येष्ठ नागरिकको हक अधिकार सम्बन्धी अभिमुखीकरण, अन्तरक्रिया तथा विविध कार्यक्रम, ज्येष्ठ नागरिक दिवा सेवा/मिलन केन्द्र सञ्चालन सहयोग, ज्येष्ठ नागरिक संग मेयर लगायतका कार्यक्रम संचालन गर्न रु. १५ लाख विनियोजन गरेको छु ।

नगर क्षेत्र भित्र कार्यरत **गैर सरकारी संघ संस्थाहरुको** प्रभावकारी नियमन गरी नगरको विकास र सम्बृद्धिमा सहकार्यमुलक वातावरण तयार गर्न संघ संस्था समन्वय, सहकार्य ( अन्तरक्रिया, समीक्षा), संघ संस्था अनुगमन मुल्यांकन, टोल विकास संस्थाको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम संचालन गर्न रु. १० लाख विनियोजन गरेको छु ।

**सामाजिक सुरक्षा कार्यक्रमलाई** प्रभावकारी वनाउन व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी ऐन नियम तथा दर्ता प्रणाली बारे कर्मचारीहरुलाई तालिम, सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अभिमुखीकरण तथा घुम्ती शिविर, व्यक्तिगत घटना दर्ता दिवस/सप्ताह कार्यक्रम, बैठक, अन्तरक्रिया तथा समीक्षा लगायतका कार्यक्रम संचालन गर्न रु. १० लाख विनियोजन गरेको छु ।

**विशेष संरक्षणको आवश्यकता** भएका लक्षित वर्गको संरक्षण र उत्थानको लागि विपन्नसँग उपमेयर कार्यक्रम, लक्षित वर्ग विशेष कार्यक्रम (आदिवासी, दलित, जनजाति, हिंसा, द्वन्द प्रभावित,एच.आइ.भी/एडस प्रभावित उत्थान कार्यक्रम, सहयोगापेक्षी सडक मानवमुक्त बुढानीलकण्ठ अभियानको निरन्तरता, अन्तरपालिका समन्वय कार्यक्रम, अनौपचारिक शिक्षा कार्यक्रम लगायतका कार्यक्रम संचालन गर्न रु. ३८ लाख विनियोजन गरेको छु । समग्रमा जनसंख्या तथा सामाजिक समावेशीकरण/संघ संस्था समन्वय/पञ्जिकरण क्षेत्रमा रु. २ करोड विनियोजन गरेको छु ।

***समग्रमा, नगरको सामाजिक विकासको क्षेत्रमा रु. २१ करोड ३० लाख विनियोजन गरेको छु ।***

# ३६. भौतिक पूर्वाधार तर्फ

**क.सडक तथा ढल व्यवस्थापन, भवन, पार्क, खानेपानी तथा अन्य सार्वजनिक निर्माण**

- नगरका क्रमागत आयोजनालाई प्रथम प्राथमिकतामा राखी कार्यान्वयन गर्न रु. ३९ करोड विनियोजन गरेको छु । साथै, नगरको बहुवर्षीय आयोजनाहरुलाई निरन्तरता दिनको लागि रु. ६० करोड विनियोजन गरेको छु ।
- **"उज्यालो नगर कार्यक्रम"**अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा बाँकी रहेको सडक खण्डमा सडक बत्ति जडान गर्न रु १ करोड ५० लाख तथा प्राधिकरणसँग सहकार्यमा पोल स्थान्तरणका लागि रु. ५० लाख र सौय सडक बत्ति महसुल भुक्तानीको लागि रु. १ करोड विनियोजन गरेको छु । समग्रमा **"उज्यालो नगर कार्यक्रम"** अन्तर्गत ३ करोड विनियोजन गरेको छु ।
- **'मेयर सुरक्षित नगर (सि.सि.टि.भी.) कार्यक्रम** अन्तर्गत नेपाल प्रहरीसँगको साझेदारीमा बाँकी रहेको सडक खण्डमा सिसिटिभि जडान गर्न ४ करोड विनियोजन गरेको छु ।
- नगरका गौरव तथा ठुला आयोजनाहरुको डि.पि.आर. निर्माण गर्न रु. ६० लाख विनियोजन गरेको छु ।
- नगरपालिका भित्रका सडक, ढल लगायतका पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार तथा स्तरोन्नतिको लागी मर्मत सम्भारकोष स्थापना गरी कार्यान्वयन गर्न रु. २ करोड ५० लाख विनियोजन गरेको छु ।
- नगरको आवश्यकता र नागरिकको मागलाई सम्बोधन गर्न नगर स्तरीय आयोजना कार्यान्वयन गर्न रु १५ करोड विनियोजन गरेको छु ।
- **"नगरबासीको इच्छा खानेपानीको सुनिश्चितता"** भन्ने अभियान सहित स्वच्छ र स्वस्थ्य खानेपानी प्रत्येक घरमा पुर्याउने प्रवन्धका लागी रु. ७ करोड विनियोजन गरेको छु ।
- बसपार्क निर्माणका लागि रु. ३ करोड, जिपलाइन निर्माण गर्न रु. २ करोड, वडा नं. ४ स्थित बुढानीलकण्ठ फुटवल खेलमैदान निर्माण गर्न रु. ५ करोड, विभिन्न मन्दिर, धर्मशाला/सामुदायिक

भवन मर्मत गर्न रु. ५० लाख, सार्वजिक जग्गा संरक्षणको लागी रु. १ करोड ५० लाख, फोहोरमैला व्यवस्थापन संरचना पूर्वाधार निर्माण गर्न १ करोड, पर्यटकिय पद तथा साइकल मार्ग निर्माण गर्न रु. २५ लाख, नगर स्तरीय फल्चा निर्माण गर्न रु. ५० लाख, पशु तथा कृषि भवन निर्माण गर्न रु. १ करोड ६० लाख, नेपाल अन्तराष्ट्रिय कृष्णभागवानमृथत संघ (इस्कोन नेपाल) को पूर्वाधार निर्माण गर्न ७५ लाख विनियोजन गरेको छ ।

**ख. आयोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

आयोजना छनोट, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यलाई व्यवहारिक बनाउन वडा तथा नगस्तरीय योजना छनौटदेखि फरफारकसम्म प्रभावकारीता अभिवृद्धिका लागी आवधिक योजना र मध्यकालीन खर्च संरचना तर्जुमा, सामाजिक परीक्षण, नगरका गौरवका आयोजनाको तेश्रो पक्ष मूल्याङ्कन, आयोजना बैंक कार्यान्वयन/अभिमुखीकरण, योजना अनुगमनका लागि सामाग्री खरिद, वडा स्तरीय योजना सम्झौताका लागि घुम्ती सेवा सञ्चालन, योजना कार्यान्वयन अनुगमन मूल्याङ्कन तथा फरफारक सम्बन्धी अभिमुखीकरण (जनप्रतिनिधी तथा कर्मचारीहरुलाई), उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण लगायतका कार्यक्रम संचालन गर्न रु. ९७ लाख ८ हजार विनियोजन गरेको छ ।

नगरवासीको माग र आवश्यकतालाई सम्बोधन गर्न अत्यावश्यक योजना तथा कार्यक्रम संचालन खर्चमा रु. ३ करोड विनियोजन गरेको छ ।

***समग्रमा, नगरको पूर्वाधार विकासको क्षेत्रमा रु. १ अर्ब ५१ करोड १७ लाख विनियोजन गरेको छु ।***

## ३७. वन, वातावरण र सरसफाई तथा विपद् व्यवस्थापनतर्फ

**क. वातावरण तथा सरसफाई**

**"बुढानीलकण्ठ नगर हरियाली शहर"** अभियान सञ्चालन कार्यान्वयनका लागि **रिचार्ज बुढानीलकण्ठ** कार्यक्रम अन्तर्गत वर्षातको पानी संकलन विधि, मुख्य सडक तथा सार्वजनिक स्थानमा **Water ATM** को व्यवस्थापन लगायतको कार्य गर्न रु. १० लाख र **आहा बुढानीलकण्ठ** कार्यक्रम अर्न्तगत सरसफाईकर्मीको व्यवस्थापन, अव्यवस्थित तार व्यवस्थापन, सरसफाइ सामाग्री खरिद, सार्वजनिक स्थानहरुको फोहोर व्यवस्थापन लगायतको

कार्य गर्न ३५ लाख विनियोजन गरेको छ । **GO Green Volunteers** कार्यक्रम अन्तर्गत ४ लाख, **हरित बुढानीलकण्ठ** अर्न्तगत मुख्य सडक तथा करिडोर हरियाली, पार्क हरियाली, जोखिमयुक्त वोट विरुवाहरुको व्यवस्थापनका लागि रु. १४ लाख, **स्वच्छ बुढानीलकण्ठ कार्यक्रम** अन्तर्गत नदी नाला सरसफाई, ध्वनी प्रदुषण, वायु प्रदुषण, पानी प्रदुषण मापन तथा कार्यक्रम संचालनको लागि रु. २० लाख र **समृद्ध बुढानीलकण्ठ** कार्यक्रम अन्तर्गत वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी सूचना तथा सचेतनामूलक श्रव्यदृश्य सामाग्री निर्माण, छपाई, सम्भाव्यता अध्ययन, अनुसन्धान सम्बन्धी कार्यक्रम संचालनको लागि रु. १७ लाख गरी समग्र वातावरण तथा सरसफाई क्षेत्रमा **रु. १ करोड** विनियोजन गरेको छ ।

**ख.विपद् व्यवस्थापन**

संविधानले विपद् व्यवस्थापन सम्बन्धी दायित्वलाई स्थानीय तहको अधिकारमा समावेश गरेकोले यसलाई उच्च प्राथमिकता दिई **विपद व्यवस्थापन तथा महामारी नियन्त्रण कोष**को लागि रु. २ करोड विनियोजन गरेको छ । साथै, विपद् उत्थानशिलता कार्यक्रम अर्न्तगत **विपद् पूर्वतयारी तर्फ** स्वयंसेवकका लागि वडास्तरमा विपद् व्यवस्थापन सम्बन्धी आधारभुत तालिम, नगर प्रहरीलाई विपद् व्यवस्थापनका लागि कृतिम घटना अभ्यास, दलित, महिला, युवा, बालबालिका, संकटउन्मुख समुदाय र सरोकारवालाहरुको लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रम, डढेलो नियन्त्रणका लागि सचेतना अभिवृद्धी कार्यक्रम, सामुदायिक विद्यालयहरुमा विपद्जन्य घटना विषयक जनचेतनामूलक कार्यक्रम र सामाग्री हस्तातरण, विपद् उत्थानशिलता कार्यढाँचा निर्माण लगायतको कार्य गर्न रु. ४० लाख विनियोजन गरेको छ । साथै **विपद्को समयमा** Learning Center लाई LEOC का रुपमा संचालन गर्न आवश्यक सामाग्री व्यवस्थापन, विपद् व्यवस्थापन तथा अल्पिकरणका लागि अत्यावश्यक सामाग्री खरिद तथा भण्डारण गर्न र **विपद् पश्चातको समयमा** वडास्तरमा **First Responder Team (FRT)** निर्माण तथा प्राथमिक उपचार सम्बन्धी तालिम संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छ । समग्रममा नगरको विपद् व्यवस्थापनको लागि रु. **२ करोड ५०** लाख विनियोजन गरेको छ ।

***समग्रमा, नगरको वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि रु. ३ करोड ५० लाख विनियोजन गरेको छु ।***

## ३८. सुशासन तथा संस्थागत विकासतर्फ

### क. प्रशासनिक कार्यसंचालन

नगरको संस्थागत सुशासन तथा सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गरी प्रशासनिक कार्य संचालनको लागि नगरस्तरीय चालु खर्च अन्तर्गत कर्मचारीको पारिश्रमिकको लागि रु. ७ करोड ५० लाख, करार सेवा शुल्कको लागि ५ करोड, पदाधिकारीको सुविधाको लागि रु. १ करोड ५० लाख, पदाधिकारीको बैठक भत्ताको लागि रु ५० लाख, पदाधिकारी अन्य भत्ता (न्यायिक तथा विधायन समिति) को लागि ५ लाख, पोशाक खर्च रु. २५ लाख, औषधीउपचार खर्च रु ३ लाख, महंगी भत्ता रु. ४० लाख, बैठक भत्ता ३० लाख, कर्मचारी प्रोत्साहन तथा पुरस्कार रु. २ करोड, अन्य भत्ता रु. १ करोड, कर्मचारीको योगदानमा आधारित निवृतिभरण तथा उपदान कोष खर्चको लागि रु. ५ लाख, कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च रु. ५ लाख, पानी तथा बिजुलीको लागि रु. ५० लाख, संचार महसुलको लागि रु. २५ लाख, इन्धन (पदाधिकारी/कार्यालय प्रयोजन/अन्य प्रयोजन) को लागि रु. ६० लाख, सवारी साधन मर्मत खर्चको लागि रु. ५० लाख, बीमा तथा नवीकरण खर्चको लागि रु. ४० लाख, मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्चको लागि १ करोड, मसलन्द तथा कार्यालय सामाग्रीको लागि २ करोड ५० लाख, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्चको लागि १ करोड, अन्य कार्यालय संचालन खर्चको लागि रु. १० लाख, सेवा र परामर्श खर्चको लागि १ करोड ५० लाख, सरसफाई सेवा शुल्कको लागि रु. १५ लाख, कर्मचारी तालिम खर्चको लागि रु. २० लाख, सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्चको लागि १ करोड १५ लाख, कार्यक्रम खर्चको लागि २ करोड, अनुगमन, मूल्यांकन खर्चको लागि २० लाख, भ्रमण खर्च रु. ५ लाख, आन्तरिक पर्यटन प्रवर्द्धन तथा भ्रमण खर्च १५ लाख, विविध खर्चको लागि २ करोड, सभा तथा कार्यपालिका सञ्चालन खर्च २५ लाख, अन्य सहायताको लागि ५० लाख, सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदानको लागि रु. १० लाख, घरभाडाको लागि रु. ४०

लाख, सवारी साधन तथा मेशिनर औजार भाडाको लागि १५ लाख, कर्मचारी कल्याण कोषको लागि १ करोड, सामाजिक सुरक्षा कोषको लागि रु. १ करोड, विविध कार्यक्रम खर्चको लागि रु. ५० लाख, कर्मचारी गोल्डेन ह्याण्डसेकको लागि रु. ५० लाख गरी समग्रमा नगरको प्रशासनिक कार्यसंचालनका लागि रु. ३७ करोड २८ लाख विनियोजन गरेको छ।

**ख. जनशक्ति व्यवस्थापन**

सेवामा नागरिकको अधिकार स्थापित गर्न र **कार्य विवरणको आधारमा कार्य सम्पादन सूचक र सूचकका आधारमा वस्तुगत रुपमा कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन** गरी सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्न कर्मचारी क्षमता विकास तथा प्रोत्साहन योजना, कर्मचारीलाई सेवाकालिन तालिम, अध्ययन, अनुसन्धान, नीति निर्माण, आवधिक मूल्याङ्कन, अन्तरपालिका समन्वय, समिति/बोर्ड व्यवस्थापन तथा सञ्चालन, नगर प्रहरी क्षमता विकास, नगर प्रहरीको अत्यावश्यक सामग्री खरिद तथा भैपरी आउने कार्य सञ्चालन, कर्मचारी र जनप्रतिनिधिबीच पुर्नताजगी कार्यक्रम, अनुगमन, निरीक्षण र प्रतिवेदन, उपभोक्ता हित तथा बजार अनुगमन, राष्ट्रिय, अन्तराष्ट्रिय भगिनी सम्बन्ध विस्तार, सार्वजनिक सुनुवाई, अनलाइन आवेदन प्रणाली विकास तथा विस्तार, नवीनतम कार्यका लागि कर्मचारी तालिम तथा क्षमता विकास, संस्थागत क्षमता विकास सुदृढीकरण, वडा कार्यालयको कार्यसम्पादन मूल्याङ्कन र प्रोत्साहन, महाशाखा/शाखाप्रमुखहरू लगायतका कर्मचारीको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम संचालन गर्न रु. २ करोड ५० लाख विनियोजन गरेको छु।

**ख.सूचना प्रविधि तथा संञ्चार**

नगरपालिकाको मुख्य प्रशासनिक भवन तथा सबै वडा कार्यालयबाट प्रवाह हुने सेवामा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्द्धन गर्न पुरानो घरनक्सा फाईल डिजिटाईजेशन, सूचना प्रविधि मैत्री सेवा प्रणाली, कार्यालयमा लोकल एरिया नेटवर्कको व्यवस्थापन, वडा स्तरमा **Information/Smart Interactive Kiosk Machine** प्रणाली खरिद तथा संचालन, वडा कार्यालयहरूमा Secondary Display बोर्ड, कार्यालय अटोमेशन प्रणाली विकास तथा संचालन, ई-रेन्टल प्रणालीको विकास तथा संचालन, सूचना प्रविधि सम्बन्धी तालिम,

अनलाईन (सेवाग्राही पोर्टल) ई-सिफारिस प्रणालीको विकास तथा संचालन, कार्यालयमा इन्टरनेट सेवा, ए.आईमा आधारित नगरपालिका सेवा, च्याट बटको व्यवस्थापन तथा संचालन, ई सर्भिस सम्बन्धी सूचना तथा जानकारीमुलक सामाग्री उत्पादन तथा प्रचार प्रसार, डिजिटल सूचना बोर्ड, डिस्प्ले बोर्ड खरिद तथा संचालन, सूचना प्रविधि सम्बन्धी परामर्श सेवा, कार्यालयमा सि सि टि भी व्यवस्थापन, पावर ब्याकअपको लागि UPS/Battery खरिद, सूचना प्रविधि सम्बन्धी वार्षिक मर्मत सम्भार लगायतको कार्य गर्न समग्रमा सूचना प्रविधि तथा सञ्चार अन्तर्गत रु २ करोड ५० लाख विनियोजन गरेको छु ।

***अतः समग्रमा, सुशासन तथा संस्थागत विकासतर्फ प्रशासनिक कार्यसंचालनको लागि ३७ करोड २८ लाख, जनशक्ति व्यवस्थापनका लागि २ करोड ५० लाख र सूचना प्रविधि तथा संञ्चार अर्न्तगत रु २ करोड ५० लाख गरी जम्मा रु.४२ करोड २८ लाख विनियोजन गरेको छु ।***

### ३९. न्यायिक समिति

न्यायिक कार्यसम्पादनलाई विश्वसनीय, प्रभावकारी र जवाफदेही बनाई छिटोछरितो एंव प्रविधिमैत्री बनाउनको लागि नागरिकसँग न्यायिक समिति, वडा मेलमिलाप केन्द्रको व्यवस्थापन, नगर मेलमिलाप केन्द्र व्यवस्थापन, सूचना प्रविधिमैत्री न्यायिक समिति व्यवस्थापन, न्यायिक समिति तथा मेलमिलापसम्बन्धी कानूनी सचेतना लगायतका कार्यक्रम संचालन गर्न रु ६० लाख विनियोजन गरेको छु ।

### ४०. राजस्व परिचालन

राजस्व प्रशासनलाई प्रभावकारी, पारदर्शी, वैज्ञानिक, प्रविधिमैत्री तथा करदातामैत्री बनाउन करदाता शिक्षा, सचेतना, प्रचार प्रसार, राजस्व सङ्कलन सम्बन्धी घरदैलो तथा घुम्ती शिविर सञ्चालन, करदाताहरूको विवरण सङ्कलन तथा अद्यावधिक, नयाँ क्षेत्र तथा स्रोतको खोजी एवम् पहिचानको लागि अध्ययन, अनुसन्धान, छलफल तथा अन्तक्रिया, करदाता सम्मान, जनप्रतिनिधि र कर्मचारीहरूको लागि राजस्व सम्बन्धी क्षमता विकास तालिम, विज्ञापनजन्य सामग्री व्यवस्थापन, कवाडी कर सङ्कलन व्यवस्थापन, सार्वजनिक जग्गामा निर्माण भएका संरचनाको विवरण सङ्कलन तथा बहाल बिटौरी शुल्क व्यवस्थापन, पार्किङ्ग क्षेत्रको पहिचान एवम् व्यवस्थापन, पार्किङ्ग शुल्क

सङ्कलन, करको दायरामा नआएका करदाताहरूलाई करको दायरामा ल्याउँनका लागि छलफल, बैठक तथा अन्तरक्रिया, राजस्व अनुगमन, राजस्व विज्ञको रोस्टर व्यवस्थापन, राजस्व सम्बन्धी मौजुदा कानूनको पुनरावलोकन एवम् कानून निर्माण लगायतका कार्यक्रम संचालन गर्न रु. ६० लाख विनियोजन गरेको छु ।

**४१. वडा कार्यालय**

वडा कार्यालयहरुलाई नागरिकको पहिलो, सजिलो र नागरिकमैत्री सरकारको रुपमा विकास गर्न वडाको वडागत आयोजना तथा कार्यक्रम संचालनको लागि प्रतिवडा रु. ३ करोडका दरले रु. ३९ करोड विनियोजन गरेको छु । साथै, निर्माणाधिन वडा कार्यालयहरुको लागि बहुवर्षीय आयोजना अन्तर्गत आवश्यक बजेट सुनिश्चिता गरेको छु ।

## आदरणीय नगरसभा अध्यक्षज्यू एवम् सदस्यज्यूहरू

- त्यसैगरी आगमी आर्थिक वर्षको २०८१/ ०८२ को अनुमानित आय र व्यय अनुसूची १ बमोजिम स्वीकृतिको लागि यस सम्मानित सभामा पेश गरेको छु ।
- आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा लगानी अभिबृद्धि भई आर्थिक तथा सामाजिक क्रियाकलाप गतिशिल हुने, गुणस्तरिय शिक्षा तथा आधारभुत स्वास्थ्य सेवामा पहुँच वृद्धि हुने, भौतिक पूर्वाधार, कृषि, पशुपंक्षी, पर्यटन, उद्योग, सूचना प्रविधि, सहकारी क्षेत्रमा थप रोजगारीका अवसर सृजना हुने अपेक्षा लिएको छु ।
- बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नुहुने नगर प्रमुख, विषयगत समितिका संयोजक, जनप्रतिनिधिप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । बजेट तर्जुमा प्रक्रियामा आ–आफनो तर्फबाट रचानात्मक सुझाव दिनुहुने राजनीतिक दल, संघ तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु, निजी तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामाजिक संघसंस्था, सञ्चार जगत र आम बुढानीलकण्ठवासीहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

- आर्थिक तथा सामाजिक विकास मार्फत नगरको सम्वृद्धि हासिल गर्ने तथा सुशासन र सामाजिक न्याय प्रत्याभूत गर्दै **आहा बुढानीलकण्ठ** ***"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"*** निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट श्रृजनात्मक र रचनात्मक  सहयोग प्राप्त हुने विश्वास लिएको छु ।
- अन्तमा प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन एवम् अनुगमन तथा मूल्यांकनबाट मात्र ***"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"*** निर्माण गर्ने नगरको दिर्घकालिन सोचलाई साकार पार्न सकिन्छ । बजेट कार्यान्वयनको अभियानमा सक्रिय सहभागिता एवम् सार्थक सहयोगका लागि सम्वद्ध सबै सरोकार पक्षलाई आह्वान गर्दछु ।

**धन्यवाद्**

**अनिता लामा**
**नगर उपप्रमुख एवम्**
**संयोजक, बजेट तथा कार्यक्रम तर्जुमा समिति**